# काठमाडौं महानगरपालिका

**यें महानगरपालिका**

## शहरी योजना आयोग

बागमति प्रदेश, काठमाडौं, नेपाल

## Mayor's Research Fellowship Program 2021
## को लागि आवेदन आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : ०७८।८।१६)

काठमाडौं महानगरपालिका, शहरी योजना आयोगको समन्वयमा यस महानगरपालिकाले **मेयर्स रिसर्च फेलोसिप** नामक अनुसन्धान शोधवृत्ति कार्यक्रमको दोश्रो संस्करणको रुपमा **Mayor's Research Fellowship Program 2021** सञ्चालन गर्ने भएको छ ।

यस महानगरपालिकाको सर्वाङ्गिण विकासका विविध आयामसँग सम्बन्धित नीतिगत अनुसन्धान (Policy Research) मार्फत् यस महानगरपालिकालाई तथ्यमा आधारित नीति निर्माण (Evidence-Based Policy) गर्न एवम् कार्य मूलक अनुसन्धान(Action-Oriented Research) मार्फत् शहरी विकाससंग सम्बन्धित आयोजनाहरुको पहिचान गर्न सघाउ पुरचाउने उद्देश्यका साथ सञ्चालनमा ल्याउन लागिएको यस कार्यक्रममा भाग लिन तोकिएको योग्यता पुगेका ईच्छुक नेपाली अनुसन्धानकर्तालाई यो सूचना प्रकाशित भएको मितिले ४५ (पैतालिस) दिन भित्र रितपूर्वक अनुसन्धान प्रस्ताव (Research Proposal) पेश गर्नहुन आव्हान गरिन्छ ।

अनुसन्धान प्रस्ताव काठमाडौं महानगरपालिकासँग सम्बन्धित हुने गरी निम्न कुनै पनि विषय वा यस्तै अन्य विषयमा पेश गर्न सकिनेछ : (क) ईतिहास, कला, संस्कृति, परम्परा (ख) भाषा, साहित्य (ग) शहरी योजना, शहरी डिजाइन, वास्तुकला, यातायात, भौतिक पूर्वाधार (घ) जनसांख्यिकीय, समाजशास्त्रीय वा मानवशास्त्रीय अध्ययन (ङ) शिक्षा, सामाजिक विकास, युवा, सामाजिक अभियान स्वास्थ्य, जीवनस्तर (च) स्थानीय आर्थिक विकास, शहरी वित्त, उद्यमशीलता, मानव संशाधन विकास (छ) शहरी अनौपचारिक क्षेत्र, गरिबी, अनधिकृत बसोबास (ज) वातावरण, दीगो विकास, विपद् व्यवस्थापन, जलवायु परिवर्तन (झ) कानून, शासन (ञ) सूचना तथा सञ्चार, नविन सोच, आदि ।

न्यूनतम शैक्षिक योग्यता तथा अनुभव : सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरी २ (दुई) वर्षको अनुसन्धान, अध्यापन वा विषयगत कार्य अनुभव भएको ।

संख्या : अधिकतम १० (दश) जना , अनुसन्धान अवधि : छ (६) महिना, सेवा सुविधा एवम् शर्तहरू : तोकिए बमोजिम

आवेदन आयोगको कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ४५ (पैतालिस) दिन (कार्यालय समय) भित्र आवेदक स्वयंले प्रमाणित गरि दर्ता गराउनु पर्नेछ ।

**सम्पर्क :**

काठमाडौं महानगरपालिका
शहरी योजना आयोगको कार्यालय
जितजङ्गमार्ग, थापाथली हाइट, काठमाडौं
फोन : ४२१८१३७/४१०२३१०
web site: www.kathmandu.gov.np

काठमाडौं महानगरपालिका

शहरी योजना आयोग

# Mayor's Research Fellowship Program 2021 को लागि प्रस्ताव आव्हान

**(Call for Expression of Interest)**

## १. पृष्ठभूमि

काठमाडौं महानगरपालिकाको सर्वाङ्गिण विकासका विविध आयामसँग सम्बन्धित नीतिगत अनुसन्धान (Policy Research) मार्फत् यस महानगरपालिकालाई तथ्यमा आधारित नीति निर्माण (Evidence-Based Policy) गर्न एवम् कार्यमूलक अनुसन्धान (Action-Oriented Research) मार्फत् शहरी विकाससंग सम्बन्धित आयोजनाहरूको पहिचान गर्न सघाउ पुरचाउने उद्देश्यका साथ प्रासङ्गिक ज्ञान, अनुभव तथा विशेषज्ञता भएका क्षमतावान नेपाली विज्ञ तथा अनुसन्धानहरूलाई मेयरर्स रिसर्च फेलोशिप कार्यक्रम २०२१ (Mayor's Research Fellowship Program 2021) का लागि रितपूर्वक अनुसन्धान प्रस्ताव पेश गर्न काठमाडौं महानगरपालिका शहरी योजना आयोग आव्हान गर्दछ ।

सन् २०२१ को लागि अधिकतम १० (दश) जना अनुसन्धानकर्ताहरूको छनौट गरिनेछ । फेलोशिप कार्यक्रमको अवधि अनुसन्धानकर्तासंगको अनुवन्धन पश्चात् ६ (छ) महिनासम्मको हुनेछ ।

छनौट भएका आवेदकहरूलाई टेलिफोन वा ईमेल मार्फत् म्याद सकेको १५ (पन्ध्र) दिन भित्रमा सम्पर्क गरिनेछ र प्रस्तुति वा अन्तर्वार्ताको लागि बोलाइनेछ । छनौट भएका आवेदकहरूलाई मात्र सूचित गरिनेछ ।

## २. योग्यता/मापदण्ड

१. **राष्ट्रियता :** आवेदक नेपाली नागरिक हुनुपर्नेछ ।

२. **शैक्षिक योग्यता तथा न्यूनतम अनुभव :** आवेदकले न्यूनतम स्नातकोत्तर उत्तिर्ण गरी सम्बन्धित विषयमा न्यूनतम २ वर्ष सम्मको कार्य अनुभव, अध्ययन अनुसन्धान वा अध्यापन गरेको हुनुपर्नेछ । विद्यावारिधि उपाधि हासिल गरेका वा विद्यावारिधि उपाधिका उम्मेद्वारहरूलाई पनि आवेदन दिन प्रोत्साहन गरिन्छ ।

३. **अध्ययनको भाषा :** आवेदक अङग्रेजी वा नेपाली भाषामा पोख्त हुनुपर्नेछ । अध्ययनको निष्कर्षहरू (प्रस्तुति, प्रतिवेदन, लेखहरू) अङग्रेजी वा नेपाली भाषामा तयार गर्नुपर्नेछ ।

**४. उमेर :** यस कार्यक्रमको लागि उमेरको निर्धारण गरिएको छैन ।

**५. सिप :** आवेदक बहुसाँस्कृतिक वातावरणमा अनुकूल हुन सक्नु पर्नेछ। साथै आवेदकमा राम्रो संवाद सीप र कम्प्युटर प्रयोगको राम्रो ज्ञान हुनु पर्नेछ ।

**६. प्राथमिकता :** योग्य महिला उम्मेदवार तथा सीमान्तकृत समूहका उम्मेदवारहरुलाई प्राथमिकता दिइनेछ ।

## ३. अनुसन्धानका प्रमुख बिषयहरू

१. अध्ययनको बिषय काठमाडौं महानगरपालिकासंग प्रत्यक्ष रुपमा प्रासंगिक हुनुपर्नेछ अन्यथा अनुसन्धान प्रस्ताव स्वीकार्य हुने छैन ।

२. अनुसन्धान प्रस्तावको प्राथमिकता निम्न आधारमा तय गरिनेछ :

(क) अनुसन्धानको परिणाम नीतिगत निर्णय, गठन तथा कार्यान्वयनमा उपयोग गर्न सकिने हुनुपर्नेछ, वा

(ख) अनुसन्धानको परिणाम पूर्वाधार तथा सामाजिक विकास आधारित आवश्यकता अनुरुप परियोजनाको पहिचान तथा गठन गर्न सकिने गरि कार्यउन्मुख हुनुपर्नेछ ।

३. देहायका बिषय वा सोसंग सम्वन्धित बिषयहरूमा प्रस्तुत प्रस्तावलाई प्राथमिकता दिइनेछ :

(क) **इतिहास, कला, संस्कृति, परम्परा :** तीब्र रुपमा आधुनिकीकरण हुंदै गइरहेको समाजमा परम्परागत संस्कृति र अभ्यासहरूको संरक्षण; शहरी साँस्कृतिक नीतिको विकास ।

(ख) **भाषा तथा साहित्य :** विद्यालय शिक्षामा मातृभाषाको प्रभावकारी प्रयोग; स्थानीय भाषा तथा साहित्यको हालको अवस्था ।

(ग) **शहरी योजना, शहरी डिजाइन, भवन निर्माण शैली, यातायात, पूर्वाधार विकास :** शहरी भवन निर्माण परिवर्तन, पूर्वाधारको माग तथा आपूर्ति, जमीनको प्रयोग तथा प्रतिक्रिया, नियमावलीको समीक्षा, प्रभावशाली यातायात तथा आवागमन ।

(घ) **जनसांख्यिकीय, सामाजिक वा मानवशास्त्र अध्ययन :** जनसांख्यिकीय संरचनामा परिवर्तन; बसाइसराई गरेर काठमाडौं आउने संख्या र सम्बन्धित परिवर्तनहरू; न्यूनिकरण ।

(ङ) **शिक्षा, समावेशीकरण विकास :** निजी विद्यालयहरूको तुलनामा सामुदायिक विद्यालयको प्रदर्शन, सामाजिक विकासको अवस्था तथा त्रुटिहरू; लैङ्गिक तथा सामाजिक समावेशीकरण ।

(च) **स्थानीय आर्थिक विकास, शहरी वित्त, उद्यमशीलता, मानव संसाधन विकास :** शहरी बेरोजगारीका मुद्दाहरू; राष्ट्रिय कूल गार्हस्थ उत्पादनमा काठमाडौं महानगरपालिकाको योगदान; साना उद्यमको अवस्था र प्रदर्शन; आर्थिक उत्थानशीलता ।

(छ) **शहरी मुद्दाहरू, गरीबी, अनियन्त्रित अनधिकृत बस्तीहरू :** शहरी गरीबको अवस्था; शहरी रोगहरू ; अनौपचारिक आर्थिक क्रियाकलापहरू; सहयोगापेक्षि सडक मानवको व्यवस्थापन ।

(ज) **प्रकोप रोकथाम/व्यवस्थापन, जलवायु परिवर्तन :** प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका निमित्त तयारी ; भूकम्प पछिको पुनः निर्माणबाट सिकिएका पाठहरू; जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन; हरित तथा जल पूर्वाधारहरु; भवन निर्माण संहिताको समीक्षा ।

(झ) **स्वास्थ्य, गुणात्मक जीवन :** गुणात्मक जीवन र खुशीको मापन; नागरिकहरुको शारिरीक तथा मानसिक अवस्था; मोटोपना; ज्येष्ठ नागरिकको स्वास्थ्य सेवा; चिकित्सा सेवामा पहुँच ।

(ञ) **वातावरण, दिगो विकास :** दिगो शहरीकरण; प्रदुषणको समाधान; उर्जा दक्षता; ट्राफिक व्यवस्थापन; ठोस फोहोरमैलाको व्यवस्थापन; पुनः प्रयोग; भूमिगत जलको रिचार्ज ।

(ट) **कानून र शासन :** सेवा वितरणमा सुधार; खुला शासन; भ्रष्टाचार नियन्त्रण; राष्ट्रिय नीतिहरु तथा अन्तर्राष्ट्रिय सम्झौताको पालनमा काठमाडौं महानगरपालिकाको भूमिका ।

(ठ) **युवा, सामाजिक सक्रियता :** शहरी विकासका लागि युवा परिचालन; सामाजिक सक्रियताको प्रभाव; युवाहरूको मुद्दा ।

(ड) **ICT, नवीनता :** स्मार्ट शहरको विकास ; IoT तथा 5G प्रविधिको विकास र प्रवर्द्धन; सरकारी सेवाहरु अनलाइन हुने सुविधा; डिजिटल विभाजन ।

## ४. अनुसन्धान प्रस्तावको ढाँचा

१. अनुसन्धान प्रस्ताव नेपाली वा अङ्ग्रेजी भाषामा बुझाउन सकिनेछ ।

२. शीर्षक पृष्ठ सहित अनुसन्धान प्रस्ताव १५ पृष्ठ भन्दा बढी हुनुहुँदैन । अंग्रेजी भाषामा लेखिएको प्रस्ताव 12 points, Times New Roman font, single line spacing र नेपाली भाषामा लेखिएको प्रस्ताव 16 points, Preeti font, single line spacing हुनुपर्नेछ ।

३. अनुसन्धान प्रस्ताव स्पष्ट र पूर्ण हुनका निमित्त उल्लेखित बुदांहरु हुनुपर्नेछ :

क. शीर्षक

ख. अनुसन्धानको पृष्ठभूमि

ग. अनुसन्धान/समस्या/कथन/प्रश्न

घ. अनुसन्धानको उद्देश्य

ङ. अनुसन्धानको तर्क

च. साहित्य समीक्षा

छ. अनुसन्धान विधि

ज. क्षेत्र र सीमितता

झ. अपेक्षित परिणामहरु र सम्भावित प्रभाव

ञ. समयरेखा

ट. सन्दर्भ सामाग्रीको सूची

४. अनुसन्धानको विषय प्रासङ्गिक भए पनि भाषागत अस्पष्टता वा व्याकरणमा कमी कमजोरी देखिएमा प्रस्ताव स्वीकार्य हुने छैन ।

## ५. आवेदन बुझाउने विधि

१. आवेदन काठमाडौं महानगरपालिका शहरी योजना आयोगको कार्यालय (जितजङ्गमार्ग, थापाथली हाइट, काठमाडौं) मा तोकिएको मितिको कार्यालय समयभित्र आवेदक स्वयंले प्रमाणित गरि दर्ता गराउनु पर्नेछ ।

२. आवेदनमा देहायका कागजात संलग्न गर्नुपर्नेछ :

क. प्रकाशनहरूको सूचि र सम्पर्क विवरण (ईमेल तथा फोन नम्बर) सहितको व्यक्तिगत बिवरण (Resume)

ख. तोकिएको ढाँचामा तयार पारिएको अनुसन्धान प्रस्ताव

ग. हालसम्मका सबै शैक्षिक प्रमाणपत्रहरुको प्रतिलिपि (एस.एल.सी/एस.ई.ई. र सो भन्दा माथि)

घ. नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानीको प्रतिलिपि

३. म्याद सकिए पश्चात् आउने आवेदनहरू स्वीकार गरिने छैन ।

४. गलत दाबी वा कागजपत्र स्वीकार गरिने छैन ।

## ६. अनुसन्धानकर्ताहरूले पालना गर्नुपर्ने शर्त

१. कार्यक्रममा छनौट भएका अनुसन्धानकर्तालाई काठमाडौं महानगरपालिकाले अनुसन्धान कार्यकोलागि कार्यालयमा कार्यस्थल उपलब्ध गराउन बाध्य हुनेछैन ।

२. काठमाडौं महानगरपालिका शहरी योजना आयोगले हरेक अनुसन्धानकर्तालाई एकजना पर्यवेक्षक तोक्नेछ । अनुसन्धानकर्ताहरूले नियमित रुपमा आफ्ना पर्यवेक्षकसँग समन्वय गरी कामको अद्यावधिक जानकारी पेश गर्नुपर्नेछ । पर्यवेक्षकले अनुसन्धानकर्तालाई अनुसन्धानको डिजाइन/विधि, सूचना संकलन तथा विश्लेषण र प्रतिवेदनको समीक्षाका लागि प्राविधिक सहयोग पुऱ्याउने छ ।

३. अनुसन्धानकर्ताले कार्यक्रम अवधिभर शहरी योजना आयोगद्वारा गठित मूल्यांकन तथा समीक्षा समिति समक्ष ३ (तीन) वटा प्रस्तुति गर्नुपर्ने हुन्छ ।

४. अनुसन्धानकर्ताले सम्झौतामा हस्ताक्षर भएको मितिले ६ महिनाभित्रमा अध्ययन पूरा गर्नुपर्नेछ । सो समयमा अध्ययन सम्पन्न हुन नसकेमा फेलाशिप रकम जफत गर्न सकिनेछ । तर विशेष परिस्थितिमा सम्बन्धित पर्यवेक्षकको सिफारिसमा मूल्यांकन तथा समीक्षा समितिले एक पटक थप लागत नलाग्ने गरी अध्ययन अवधि बढीमा २ महिनाको लागि थप गर्न सक्नेछ ।

५. अनुसन्धानकर्ताले शर्त पालना गरे नगरेको सम्बन्धमा मूल्यांकन तथा समीक्षा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

## ७. अनुसन्धानकर्ताहरूले प्राप्त गर्ने सुविधा

१. अनुसन्धान विषयका आधारमा अनुसन्धानकर्ताले फेलोशिप रकम अधिकतम रु.१५०,००० (एक लाख पचास हजार) (कर समेत) पाउने छन् । अनुसन्धानकर्ताले पाउने अधिकतम रकमको निर्धारण गर्ने अधिकार मूल्यांकन तथा समीक्षा समितिलाई हुनेछ । अनुसन्धानकर्ताले पाउने रकमको जानकारी अनुसन्धानकर्तालाई सम्झौतापूर्व दिइनेछ ।

२. फेलोशिप रकम तल तालिकामा उल्लेख भए अनुसार चार किस्तामा भुक्तानी गरिनेछ । भुक्तानीको स्वीकृति गर्ने अधिकार मूल्यांकन तथा समीक्षा समितिलाई हुनेछ ।

| बिवरण | समय अवधि | भुक्तानी प्रतिशत |
|---|---|---|
| अनुसन्धान प्रस्तावको प्रस्तुतिकरण र स्वीकृति पश्चात् | १ हप्ता भित्र | ३०% |
| मध्यावधि प्रस्तुतिकरण र मध्यावधि प्रतिवेदन पेश गरे पश्चात् | तेस्रो महिनाको अन्त्यमा | २०% |
| पूर्व अन्तिम प्रस्तुतिकरण र मस्यौदा प्रतिवेदन पेश गरे पश्चात् | पाँचौं महिनाको अन्त्यमा | २०% |
| आयोगले आयोजित गर्ने कार्यशालामा अन्तिम प्रस्तुतिकरण र अन्तिम प्रतिवेदन पेश गरे पश्चात् | कार्यक्रम अवधि पश्चात् | ३०% |

३. कुनै कारणवश् भुक्तानीमा ढिलाई हुन गएमा पनि कार्यक्रमको अवधिमा परिवर्तन हुने छैन ।

## ८. मूल्यांकन र समीक्षा प्रक्रिया

१. शहरी योजना आयोगद्वारा गठित मूल्यांकन तथा समीक्षा समितिले देहायको मूल्यांकन मापदण्डको आधारमा प्रस्तावहरूको समीक्षा गरी सफल आवेदकहरूको छनोटमा अन्तिम निर्णय लिनेछ ।

| मापदण्ड | अङ्क (%) |
|---|---|
| **१. अनुसन्धानको डिजाइन र सम्भाव्यता** | |
| १.१ अनुसन्धान प्रस्तावमा भएको जानकारी यस विषयको पूर्व ज्ञान नभएको व्यक्तिलाई समेत सो विषयको प्रासंगिकताको बारेमा थाहा हुने गरी निर्णय लिन र सूचित गर्न सक्ने गरि अनुसन्धान प्रस्ताव लेखिएको | १० |
| १.२ अनुसन्धान प्रस्तावले स्पष्ट रुपमा के चाहिएको हो वर्णन गरेको र कसरी अनुसन्धानकर्ताले उद्देश्यहरू प्राप्त गर्न चाहन्छ र अनुसन्धानका खोजहरुको अनुमानित प्रभावहरु के हुन् भन्ने बारेमा अनुसन्धान प्रस्ताव प्रष्ट रहेको | १५ |
| १.३ प्रस्तावित अनुसन्धान परिणात्मक वा गुणात्मक जे भएतापनि स्पष्ट रुपमा अनुसन्धान पद्धतिको प्रयोग भएको | १० |
| १.४ प्रस्ताव पेशागत अंग्रेजी वा नेपालीमा लेखिएको र व्याकरणीय गल्तीहरूको लागि उचित जाँच भएको | १० |

| मापदण्ड | अङ्क (%) |
|---|---|
| १.५ प्रस्तावमा स्पष्ट र तार्किक समयरेखा भएको र यस प्रस्तावित अनुसन्धान कसरी समयमै सम्पन्न हुनेछ भन्ने बारे स्पष्ट रहेको | ५ |
| २. अपेक्षित परिणामको महत्व | |
| २.१ अनुसन्धानका नतीजाहरुलाई नीतिगत निर्णय, निर्माण र कार्यान्वयनमा प्रयोग गर्न सकिने प्रत्याभूति भएको | १५ |
| २.२ नयाँ विचारहरु उत्पन्न गर्न वा स्थापित सोचहरुको पुनः परीक्षण गर्न प्रेरित गरेको | १० |
| २.३ प्रस्तावको विषयसंग सम्बन्धित पूर्व प्रकाशित अनुसन्धान कार्यहरूको नतिजा पनि प्रयोग गर्न सकिने गरी प्रस्ताव डिजाइन गरिएको | ५ |
| ३. आवेदकको योग्यता | |
| ३.१ आवेदकसँग सम्बन्धित विषयमा अनुसन्धान, प्रकाशन वा अन्य प्रासंगिक कार्यसम्पादनको अनुभव भएको | १० |
| ३.२ आवेदकले प्रतिष्ठित विश्वविद्यालयबाट उच्च तहको डिग्रीका साथ उत्कृष्ट शैक्षिक पृष्ठभूमि हासिल गरेको | १० |
| जम्मा अंक | १०० |

२. समितिले आवश्यकता महसुस गरेमा प्रस्तावहरूको मूल्यांकन गर्नका निमित्त वाहय विज्ञहरूको सहयोग लिन सक्नेछ ।

३. मूल्यांकन प्रक्रियामा आवेदकहरूको लिखित प्रस्ताव तथा मौखिक प्रस्तुति दुवै समावेश गरी मूल्यांकन हुनेछ । आवेदकहरूले मौखिक प्रस्तुतिमा अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

४. मूल्यांकन र समीक्षा सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ ।

## ९. आचार संहिता

१. सफल उम्मेदवारहरुले काममा उच्च व्यवसायिकता प्रदर्शन गर्नुपर्नेछ ।

२. अप्रिय वा गैरजिम्मेवारपूर्ण व्यवहार भएको खण्डमा महानगरपालिकाले आवेदकको कार्यक्रम खारेज गर्न सक्नेछ ।

३. कार्यक्रमको क्रममा महानगरपालिकाबाट प्राप्त सहायता सबै प्रस्तुतीकरणहरु, लेखहरु, कागजातहरु तथा प्रकाशनहरुमा उल्लेख गर्नुपर्नेछ ।

४. अनुसन्धानको कुनै पनि चरणमा वौद्धिक चोरी (plagiarism) लाई कडा रुपमा निषेध गरिएको छ । चोरी भएको पाईएमा कार्यक्रम तुरुन्त खारेज गरी फेलोशिप रकम जफत गरिनेछ ।

५. कुनै पनि प्रकारको दुर्व्यवहारमा संलग्न आवेदकलाई कार्यक्रमको भावी संस्करणमा प्रस्ताव पेश गर्न समेत प्रतिवन्धित गरिनेछ ।

६. आचार संहिता सम्बन्धी अन्य बिषय समितिले निर्धारण गर्नेछ र सो बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ ।

## १०. प्रतिलिपि अधिकार

१. अनुसन्धानको परिणाम तथा संकलन गरिएका सूचनाहरुको प्रयोग वा प्रकाशन गर्ने अधिकार महानगरपालिकासंग हुनेछ । यसरी गरिने प्रकाशनहरुमा अनुसन्धानकर्तालाई श्रेय दिन ध्यान दिइनेछ ।

## ११. कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

१. **संचालन समिति** : कार्यक्रम संचालनसंग सम्बन्धित नीतिगत निर्णय गर्न देहाय बमोजिमको संचालन समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख | अध्यक्ष |
| उप प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| उपाध्यक्ष, शहरी योजना आयोग | सदस्य सचिव |

२. **मूल्यांकन तथा समीक्षा समिति** : कार्यक्रमको मूल्यांकन तथा समीक्षा लगायतका कार्य गर्न देहाय बमोजिमको मूल्यांकन तथा समीक्षा समिति रहनेछ ।

| | |
|---|---|
| उपाध्यक्ष, शहरी योजना आयोग | अध्यक्ष |
| सदस्य, शहरी योजना आयोग (चार जना) | सदस्य |
| अध्यक्षद्वारा मनोनित आयोग बाहिरका विज्ञ | आमन्त्रित सदस्य |
| प्रमुख, शहरी योजना आयोग सचिवालय | सदस्य सचिव |

***थप जानकारीका लागि सम्पर्क***

काठमाडौं महानगरपालिका

शहरी योजना आयोगको कार्यालय

जितजङ्गमार्ग, थापाथली हाइट, काठमाडौं

फोन : ४२१८१३७/४१०२३१०